# गौमुखी गाउँपालिका

# स्थानीय राजपत्र


गौमुखी गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ८ सङ्ख्याः १ मितिः २०८२/०१/०९


## भाग-२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२
को उपदफा २ बमोजिम गौमुखी गाउँपालिकाको
गाउँ कार्यपालिकाले जारी गरेको कार्यविधि
सर्वसाधारणको जानकारीको लागि प्रकाशन
गरिएको छ ।

**संवत् २०८२ सालको कार्यविधि नं. १**

# गौमुखी गाउँपालिकाको विद्यालय तथा शिक्षक दरबन्दी ( मिलान तथा व्यवस्थापन) कार्यविधि, २०८१

**प्रस्तावना :**

नेपालको संविधानले आधारभुत र माध्यमिक तहको शिक्षाको सम्पूर्ण जिम्मेवारी स्थानीय सरकारको क्षेत्राधिकार भित्र रहने व्यवस्था गरेको सन्दर्भमा गौमुखी गाउँपालिका क्षेत्र भित्र स्थापना भई सञ्चालन भैरहेको र हुने विद्यालय लगायत अन्य शैक्षिक संस्थाहरुको समुचित व्यवस्थापन गरी गाउँपालिका भित्रका सबै बालबालिकाहरुको लागि गुणस्तरीय शिक्षाको सुनिश्चितताबाट देश विकासको लागि आवश्यक पर्ने योग्य,सक्षम तथा सिपयुक्त जनशक्ति उत्पादन गरी समुन्नत राष्ट्र निर्माणको आधार तयार पार्न र गौमुखी गाउँपालिका गाउँपालिका अनुदान शिक्षकको तलवभत्तामा खर्च भएको रकम बेरुजु देखिएको सन्दर्भमा यसलाई नियमानुसार व्यवस्थापन गर्न बाञ्छनीय भएकोले नेपालको संविधान - २०७२ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बनेको गौमुखी गाउँपालिका शिक्षा ऐन, २०७७ को दफा ५१ तथा गौमुखी गाउँपालिकाको शिक्षा नियमावली,२०७८ को नियम ७६ लाई कार्यान्वयन गर्न गौमुखी गाउँपालिकाले यो "गौमुखी गाउँपालिकाको विद्यालय तथा शिक्षक दरबन्दि (मिलान तथा व्यवस्थापन) कार्यविधि,२०८१ बनाएको छ।

## परिच्छेद - १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(क) यस कार्यविधिको नाम **गौमुखी गाउँपालिकाको विद्यालय तथा शिक्षक दरबन्दी (मिलान र व्यवस्थापन) कार्यविधि, २०८१** रहेको छ।

(ख) यो कार्यविधि गौमुखी गाउँपालिका गाउँकार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

गौमुखी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

(क) "शिक्षा शाखा" भन्नाले गौमुखी गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनु पर्छ ।

ख) "ऐन" भन्नाले शिक्षा ऐन, २०२८ र गौमुखी गाउँपालिका शिक्षा ऐन,२०७७ लाई सम्झनु पर्छ ।

ग) " नियमावली" भन्नाले शिक्षा नियमावली २०५९ र गौमुखी गाउँपालिका शिक्षा नियमावली,२०७८ लाई सम्झनु पर्छ ।

घ) " गाउँ शिक्षा समिति" भन्नाले गौमुखी गाउँपालिकाको गाउँ शिक्षा समितीलाई सम्झनु पर्छ।

ङ) "अध्यक्ष" भन्नाले गौमुखी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

च) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले गौमुखी गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्छ ।

छ) "शिक्षा अधिकृत" भन्नाले गौमुखी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखलाई सम्झनु पर्छ ।

ज) "स्थानीय तह" भन्नाले गौमुखी गाउँपालिकालाई सम्झनु पर्छ ।

झ) " प्रधानाध्यापक" भन्नाले सामुदायिक विद्यालयको प्रधानाध्यापक वा प्रधानाध्यापकको जिम्मेवारी तोकेको शिक्षक सम्झनु पर्छ ।

ञ) "विद्यालय" भन्नाले प्रचलित कानुन बमोजिम अनुमति वा स्वीकृती लिई सञ्चालनमा रहेको सामुदायिक विद्यालयलाई सम्झनु पर्छ ।

(ट) "शिक्षक" भन्नाले नेपाल सरकारबाट स्वीकृत स्थायी दरबन्दी, राहत र अनुदानमा कार्यरत सामुदायिक विद्यालयमा अध्यापन गराउने शिक्षकहरुलाई सम्झनु पर्छ ।

ठ) "दरबन्दी" भन्नाले सामुदायिक विद्यालयमा प्राप्त भएको स्वीकृत दरबन्दी सम्झनु पर्छ सो शब्दले राहत, अनुदान कोटा समेतलाई जनाउँछ ।

गौमुखी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पुँजा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

## परिच्छेद- २

## शिक्षक दरबन्दी मिलान सम्बन्धि व्यवस्था

३. शिक्षक दरबन्दी मिलानः शिक्षक दरबन्दी मिलान देहायको अधारमा गरिनेछ ।

क) यस गौमुखी गाउँपालिकाको सामुदायिक बिद्यालयमा अनुसूचि- ३ बमोजिम विद्यार्थी सङ्ख्या र शिक्षक अनुपात तोकिएको मापदण्ड बमोजिम नपुगि दरबन्दि मिलान गर्दा (अनुसूचि -२ बमोजिम दरबन्दी मिलान गर्दा बढी हुन आएका विभिन्न विद्यालयका दरबन्दीहरुलाई) मिति २०८१ साल चैत्र २० गते सम्म अनिवार्य अवकाश हुने स्थायी शिक्षक प्राथमिक तहको दरबन्दी कटौती हुने शिक्षकको नियुक्ति मितिको अधारमा गाउँपालिका अनुदान,संघिय अनुदान,राहत र स्थायी शिक्षकलाई गौमुखी गाउँपालिकामा पुल दरबन्दी कायम गरि तहगत रुपमा दरबन्दी राखीने छ ।यसरी दरबन्दी मिलान गर्दा स्थायी,राहत,संघिय अनुदान बाहेकका गा.पा.अनुदानका शिक्षकलाई आवश्यकता भन्दा बढी भएमा शैक्षिक शत्र २०८२ को सुरु देखि बिदा गरिनेछ,बिदा गर्दा कनिष्ठतालाई आधार मानिनेछ।

ख) यस गौमुखी गाउँपालिकाको प्राथमिक तह शिक्षक दरबन्दी मिलान गर्दा शैक्षिक शत्र २०८१ मा विद्यालयहरुले इमिसमा प्रविष्टीकरण गरेको अनुसूचि -१ बमोजिमको बिद्यार्थी संख्या र भौगोलिक विकटताको साथै गौमुखी गाउँपालिका शिक्षा नियमावली,२०७८ को नियम १६ को उपनियम १ को (ग) र (घ) को आधारमा गरीने छ ।

ग) पूर्व प्राथमिक विद्यालय/बालविकास का लागि १ शिक्षक कायम गरिने छ। साथै प्राथमिक तहको दरबन्दी कटौती गर्दा र थप गर्दा प्राथमिक तहका बिद्यालयमा ५० जना सम्म विद्यार्थी भएमा कम्तीमा २ जना र सो भन्दा वढी १३५ सम्म बिद्यार्थी भएमा कम्तीमा ३ जना शिक्षक संख्या कायम गरीने छ तर विद्यार्थी संख्या अधिक भएमा शिक्षा ऐनमा भएको व्यवस्था अनुसार गरिनेछ। शिक्षा नियमावलीको अनुसूची १२ (ग) र (घ) तथा गौमुखी गाउँपालिका शिक्षा नियमावली,२०७८ ले तोके अनुसार कक्षा १ देखी

गौमुखी गाउँपालिका कार्यपालिकाको कार्यालय पुँजा, प्युठान लुम्बिनी प्रदेश, नेपाल

कक्षा ८ सम्म सञ्चालित बिद्यालयमा प्राथमिक तहका शिक्षक कम्तीमा ३ जना र कक्षा १ देखी कक्षा १० सम्म सञ्चालित बिद्यालयमा प्राथमिक तहका शिक्षक कम्तीमा ३ जना शिक्षक रहने छ। प्राथमिक तहमा वढी भएको शिक्षक दरबन्दी नियमावलीले तोके अनुरुप विषय र योग्यताको आधारमा निम्न माध्यमिक र माध्यमिक तहमा काज खटाइने छ। नियमावली एक आपसमा बाझिएमा संघिय ऐन र नियमावली मान्य हुनेछ।

घ) निम्न माध्यमिक र माध्यमिक तहमा दरबन्दी कम भएका विद्यालयमा शिक्षक काज खटाउदा शैक्षिक योग्यता र बिषयको आवश्यकताका आधारमा खटाइने छ ।

ङ) निम्न माध्यमिक तह कक्षा १-८ सम्म सञ्चालन भएको बिद्यालयमा कम्तीमा ७ जना शिक्षक रहने छ।

च) माध्यमिक तह कक्षा १- १० सम्म सञ्चालन भएको बिद्यालयमा कम्तीमा १२ जना शिक्षक रहने छ र माध्यमिक तह कक्षा १-१२ सम्म सञ्चालन भएको बिद्यालयमा कम्तीमा १५ जना शिक्षक रहने छ ।

छ) शिक्षक दरबन्दी कटौती र थप गरी मिलान गर्दा गौमुखी गाउँपालिकाको ७ वटै वडाका बिद्यालयका शिक्षकलाई संभव भएमा सम्बन्धित वडामा मिलान गरिनेछ। नभएमा आवश्यकता अनुसार गाउँपालिका भरका बिद्यालयहरुमा सरुवा तथा काज सरुवा गरी पठाउन सकिने छ ।

ज) घर अपायक बिद्यालयमा रहेका शिक्षकलाई सकेसम्म घर पायक पर्ने बिद्यालयमा सरुवा तथा काज सरुवा गरीने छ।सरुवा गर्दा यस दरबन्दी मिलान कार्य गरि रिक्त रहेका स्थानमा र स्थायी तथा राहत दरबन्दीका शिक्षकहरुलाई आपसि सहमतिका आधारमा बिद्यालयहरुमा सरुवा तथा काज सरुवा गरी पठाउन सकिने छ।यस दरबन्दी मिलान कार्य गर्दा शिक्षक सरुवाका सन्दर्भमा ऐन,नियमावलीमा भएको व्यवस्था बाध्यकारी हुनेछैन।

(झ) शिक्षक दरबन्दी मिलान गर्दा शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षा ऐन तथा गौमुखी गाउँपालिका शिक्षा नियमावलीले व्यवस्था गरे बमोजिम प्राथमिक, निम्न माध्यमिक, तथा माध्यमिक तहमा बिषयगत आधारमा शिक्षक व्यवस्थापन गरीने छ ।

गौमुखी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धुँजा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

ञ) राहत अनुदान कोटाका शिक्षकलाई राहत दरबन्दीका रुपमा नै दरबन्दी मिलानमा समावेश गरीनेछ ।

ट) दरबन्दी मिलान गर्दा कक्षा (१-३),कक्षा (१-५), कक्षा (१-८), कक्षा (१-१०) र कक्षा (१-१२) मा अध्ययनरत बिद्यार्थी संख्याका आधारमा शिक्षक बिद्यार्थी अनुपात मिलाई दरबन्दी मिलान गरीने छ ।

## परिच्छेद - ३

## शिक्षक दरवन्दी मिलानका नीतिगत व्यवस्था

(क) शिक्षक दरबन्दि मिलान गर्दा शिक्षा ऐन तथा गौमुखी गाउँपालिका शिक्षा नियमावलीमा एवं यस कार्यविधिको परिच्छेद २ (क,ख,ग) मा गरिएको व्यवस्थाको आधार र २०८१ साल फाल्गुन ३० गतेसम्म अनलाईन प्रणालीबाट भरिएको शैक्षिक तथ्याङ्क र गौमुखी गाउँपालिकाको शिक्षकको मौजुदा अवस्था तथा आवश्यकता पहिचानका आधारमा गरिने छ ।

(ख) दरवन्दी मिलान गर्दा साविकमा रहेको प्राथमिक तह (कक्षा १-५ सम्म), निम्न माध्यमिक तह (कक्षा ६-८ सम्म), माध्यमिक तह (कक्षा ९-१० सम्म) र माध्यमिक तह (कक्षा ११-१२ सम्म) लाई आधार मानी गरिने छ ।

(ग) दरवन्दी मिलान गर्दा नेपाल सरकारले विद्यालयलाई उपलब्ध गराएको प्राथमिक तह, निम्न माध्यमिक र माध्यमिक तहको दरवन्दी, राहत अनुदानलाई समेत गणना गरिने छ ।

(घ) शिक्षक आवश्यकताको पहिचान गर्दा यस गाउँपालिकामा वित्तीय हस्तान्तरणको प्रयोजनको लागि गौमुखी गाउँपालिकामा रहेको शिक्षक दरवन्दीलाई आधार मानेर प्राथमिक तह तर्फका दरवन्दी कतिपय विद्यालयमा बचत हुन आउने र निम्न माध्यमिक तथा माध्यमिक तहको प्राय सबै विद्यालयमा दरवन्दी अपुग हुने तथा आवश्यक संख्यामा दरवन्दी स्विकृत हुन नसक्दा सम्म अपुग हुने दरवन्दी हाल तल्लो तहमा बढी हुन आउने दरवन्दीबाटै पूर्ति गरिने छ ।

गौमुखी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पुँजा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

(ङ) कुनै विद्यालयमा माथिल्लो तहमा दरवन्दी अपुग भएको अवस्थामा तल्लो तहमा बढी भएको रहेछ भने सबै तहको शिक्षक दरवन्दी एकमुष्ठ गणना गरी नियमावली बमोजिम न्यूनतम दरवन्दी सुनिश्चित (कायम) गरी विद्यालयगत रुपमा गौमुखी गाउँपालिका शिक्षा ऐन, २०७७ को दफा ५१ बमोजिम दरवन्दी मिलान गरिने छ ।

(च) दरवन्दी मिलान गर्दा सामाजिक न्याय, समानुपातिक वितरण, भौगोलिक अवस्थालाई ध्यान दिँदै गुणस्तरिय शिक्षा प्रवद्धनमा जोड दिन विद्यालयमा बढी भएको शिक्षक दरवन्दी गाँउपालिकामा पुलमा राखी मिलान गरिने छ ।

छ) दरबन्दी मिलानको क्रममा सरुवा तथा काज सरुवा गरी खटाइएको शिक्षकलाई सम्बन्धित विद्यालयहरुका प्र.अ. ले अनिवार्य रुपमा रमाना दिनुपर्नेछ र खटीएको शिक्षकले प्रचलित कानुन वमोजिम अनिवार्य रुपमा खटाइएको विद्यालयमा गौमुखी गाउँपालिका शिक्षा ऐन, २०७७ को दफा ५१ को उपदफा २ बमोजिमको समयमा हाजिर हुन जानु पर्नेछ साथै सरुवा/काज सरुवा गरी खटाइएको शिक्षकहरुलाई सम्बन्धित विद्यालयले अनिवार्य रुपमा हाजिर गराउनु पर्नेछ ।

ज) प्राथमिक तहमा बढी भएको दरबन्दीका शिक्षकलाई गौमुखी गाउँपालिकाको पुलमा रहने गरी निम्न माध्यमिक, माध्यमिक र उच्च माध्यमिक तहका दरबन्दी पूर्ती नभए सम्मका लागी विषय र योग्यताको आधारमा निम्न माध्यमिक, माध्यमिक तहमा काजमा खटाईने छ ।

## परिच्छेद - ४

## पुलमा रहेको दरवन्दी व्यवस्थापन

(क) ऐन तथा नियमावलीमा तोकिए वमोजिमको हिमाल, पहाड, तराई र उपत्यकाका विद्यालयमा कायम शिक्षक विद्यार्थी अनुपात र आधारभुत तथा माध्यमिक तहमा विषयगत आधारमा बढी भएको शिक्षक दरवन्दीलाई पुल दरवन्दी सम्बन्धी व्यवस्था परिच्छेद, ३ को (क) बमोजिम पुल दरवन्दीको रुपमा राखिनेछ ।

(ख) माथिल्लो तहमा गणना हुने पुल दरवन्दीलाई परिच्छेद ३ को (क) बमोजिम सो विद्यालय तथा निम्न माध्यमिक, माध्यमिक (कक्षा ११ र १२ समेत) तहका शिक्षक

दरवन्दी अपुग भएको अवस्थामा यसरी बाँकी भएको पुल दरवन्दी मध्ये माथिल्लो तहमा आवश्यक हुने दरवन्दी समेतलाई गणना गरीने छ ।

(ग) खुद पुल दरवन्दी सम्बन्धी व्यवस्था परिच्छेद २ र ३ (क) बमोजिम कायम भएको पुल दरवन्दीमा माथिल्लो तहमा शिक्षक अपुग भएमा परिच्छेद ४ (क) बमोजिम माथिल्लो तहमा गणना हुने पुल दरवन्दी कट्टा गरी वचत हुन आउने दरवन्दीलाई खुद पुल दरवन्दी मानिनेछ।

## परिच्छेद — ५

## कक्षा मिलान

१. गौमुखी गाउँपालिका भित्रका कुनैपनि विद्यालयमा मापदण्ड बमोजिम कम्तिमा ४५ जना भन्दा कम विद्यार्थी भएमा तथा देहायको अवस्थामा कक्षा मिलान कार्य गरिने छ।

क) उक्त विद्यालयबाट माथिल्लो कक्षा सञ्चालन भइरहेको विद्यालयको पैदल दुरी ३० मिनेट भन्दा कम भएमा।

ख) विद्यार्थी सङ्ख्या अधिकांश कक्षामा २० प्रतिशत भन्दा कम भएमा।

ग) विद्यालयहरुको कक्षा मिलान कार्य गर्दा विशिष्ट भौगोलिक अवस्थालाई समेत मध्यनजर गरिने।

## परिच्छेद- ६

## विविध

१. यस कार्यविधिको कुनै व्यवस्था प्रचलित कानुन सँग बाझिएमा बाझिएको हद सम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ ।

२. यो कार्यविधि लागू हुनुभन्दा पहिले संघीय तथा प्रदेश कानून बमोजिम गौमुखी गाउँपालिका भित्र भएका शिक्षक दरवन्दी मिलान तथा व्यवस्थापन यसै कार्यविधि बमोजिम भएको मानिने छ ।

गौमुखी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धुँजा, प्यूठान
लुम्बिनी प्रदेश नेपाल

अनुसूचि - १

दफा 3 को (ख) सँग सम्बन्धित

शैक्षिक शत्र २०८१ को गौमुखी गाउँपालिकाका सम्पूर्ण विद्यालयका विद्यार्थी सङ्ख्या विवरण

| Class | | | ECD/PPC | | | 1 | | | 2 | | | 3 | | | 4 | | | 5 | | | 6 | | | 7 | | | 8 | | | 9 | | | 10 | | | 11 | | | 12 | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| S.N | Ward | SchoolName | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total |
| | | Total | 503 | 609 | 1112 | 415 | 462 | 877 | 351 | 374 | 725 | 340 | 365 | 705 | 401 | 427 | 828 | 470 | 417 | 887 | 291 | 294 | 585 | 351 | 266 | 617 | 379 | 288 | 667 | 232 | 214 | 446 | 218 | 186 | 404 | 57 | 39 | 96 | 150 | 77 | 227 |
| 1 | 7 | Amrit Jeevan Secondary School | 7 | 15 | 22 | 5 | 9 | 14 | 12 | 7 | 19 | 14 | 11 | 25 | 15 | 15 | 30 | 21 | 14 | 35 | 10 | 15 | 25 | 23 | 18 | 41 | 38 | 31 | 69 | 34 | 33 | 67 | 28 | 19 | 47 | 47 | 30 | 77 | 12 | 2 | 14 |
| 2 | 2 | Baichaur Basi School | 9 | 9 | 18 | 5 | 10 | 15 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 3 | 4 | Bal Jivan Sudhar Basic School | 14 | 16 | 30 | 14 | 15 | 29 | 8 | 14 | 22 | 9 | 11 | 20 | 13 | 14 | 27 | 20 | 14 | 34 | 4 | 4 | 8 | 8 | 5 | 13 | 8 | 5 | 13 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 4 | 4 | Bal Jyoti Pra V | 10 | 8 | 18 | 5 | 4 | 9 | 4 | 10 | 14 | 4 | 4 | 8 | 6 | 8 | 14 | 7 | 7 | 14 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 5 | 6 | Bal Kalyan Ne. Pra | 5 | 11 | 16 | 4 | 3 | 7 | 4 | 7 | 11 | 4 | 1 | 5 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 6 | 7 | Bal Sudhar Basic School | 11 | 11 | 22 | 6 | 8 | 14 | 4 | 4 | 8 | 7 | 9 | 16 | 8 | 14 | 22 | 10 | 8 | 18 | 10 | 10 | 20 | 15 | 12 | 27 | 15 | 11 | 26 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 7 | 1 | Bal Sudhar Pra V | 3 | 10 | 13 | 8 | 12 | 20 | 9 | 9 | 18 | 10 | 6 | 16 | 10 | 18 | 28 | 14 | 7 | 21 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 8 | 1 | Basant Pra V | 0 | 0 | 0 | 4 | 6 | 10 | 2 | 5 | 7 | 1 | 2 | 3 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 9 | 1 | Beshiban Baljyoti pra vi beshiban | 24 | 31 | 55 | 31 | 20 | 51 | 17 | 12 | 29 | 18 | 14 | 32 | 16 | 11 | 27 | 20 | 14 | 34 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 10 | 5 | Bhanu Pra Vi | 4 | 13 | 17 | 8 | 6 | 14 | 5 | 6 | 11 | 4 | 5 | 9 | 2 | 12 | 14 | 4 | 8 | 12 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 11 | 6 | Bhrikuti Secondary School | 18 | 20 | 38 | 27 | 24 | 51 | 19 | 23 | 42 | 22 | 29 | 51 | 31 | 27 | 58 | 54 | 51 | 105 | 21 | 15 | 36 | 34 | 21 | 55 | 41 | 34 | 75 | 37 | 20 | 57 | 35 | 28 | 63 | 0 | 2 | 2 | 18 | 7 | 25 |
| 12 | 7 | Bhumekathan Basic School | 11 | 17 | 28 | 16 | 23 | 39 | 11 | 14 | 25 | 12 | 10 | 22 | 13 | 10 | 23 | 10 | 18 | 28 | 13 | 14 | 27 | 20 | 16 | 36 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 13 | 3 | Deurali Sundar Pra V | 13 | 15 | 28 | 8 | 10 | 18 | 7 | 9 | 16 | 9 | 10 | 19 | 12 | 5 | 17 | 13 | 11 | 24 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 14 | 3 | Dipendra Pra V | 8 | 7 | 15 | 11 | 14 | 25 | 11 | 9 | 20 | 13 | 6 | 19 | 9 | 10 | 19 | 14 | 11 | 25 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 15 | 7 | Dosandh Pra V | 9 | 5 | 14 | 3 | 5 | 8 | 4 | 1 | 5 | 2 | 2 | 4 | 3 | 2 | 5 | 5 | 8 | 13 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 16 | 2 | Gaumukhi Basic School | 8 | 8 | 16 | 17 | 20 | 37 | 8 | 14 | 22 | 15 | 22 | 37 | 16 | 20 | 36 | 23 | 23 | 46 | 13 | 6 | 19 | 12 | 15 | 27 | 18 | 12 | 30 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 17 | 5 | GAUMUKKHI SECONDARY SCHOOL | 14 | 13 | 27 | 5 | 6 | 11 | 4 | 4 | 8 | 5 | 4 | 9 | 5 | 8 | 13 | 14 | 10 | 24 | 30 | 27 | 57 | 29 | 24 | 53 | 17 | 23 | 40 | 42 | 33 | 75 | 31 | 22 | 53 | 10 | 7 | 17 | 120 | 68 | 188 |
| 18 | 5 | Greeha Pra V | 5 | 6 | 11 | 4 | 2 | 6 | 4 | 1 | 5 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 19 | 3 | Gyanodaya Basic School | 6 | 8 | 14 | 5 | 8 | 13 | 10 | 10 | 20 | 5 | 6 | 11 | 26 | 31 | 57 | 21 | 20 | 41 | 20 | 24 | 44 | 30 | 24 | 54 | 32 | 24 | 56 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 20 | 4 | Jana Jivan basic school | 5 | 9 | 14 | 7 | 11 | 18 | 1 | 10 | 11 | 8 | 6 | 14 | 6 | 6 | 12 | 4 | 8 | 12 | 13 | 15 | 28 | 15 | 10 | 25 | 7 | 12 | 19 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 21 | 4 | Jana Jyoti Basic School Laisara | 20 | 21 | 41 | 10 | 6 | 16 | 9 | 7 | 16 | 15 | 8 | 23 | 6 | 11 | 17 | 9 | 11 | 20 | 10 | 16 | 26 | 10 | 7 | 17 | 8 | 9 | 17 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 22 | 6 | Janachetana Primary School | 11 | 12 | 23 | 11 | 13 | 24 | 7 | 5 | 12 | 9 | 7 | 16 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 23 | 5 | Janasahayogi Secondary School | 4 | 10 | 14 | 6 | 14 | 20 | 8 | 9 | 17 | 9 | 10 | 19 | 11 | 11 | 22 | 10 | 9 | 19 | 10 | 15 | 25 | 17 | 14 | 31 | 20 | 10 | 30 | 9 | 10 | 19 | 12 | 8 | 20 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 24 | 5 | Janata Pra V | 5 | 15 | 20 | 4 | 7 | 11 | 4 | 6 | 10 | 2 | 5 | 7 | 3 | 6 | 9 | 5 | 5 | 10 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 25 | 8 | Khara Ma V | 13 | 11 | 24 | 11 | 2 | 13 | 4 | 8 | 12 | 7 | 16 | 23 | 14 | 16 | 30 | 16 | 7 | 23 | 33 | 20 | 53 | 39 | 23 | 62 | 44 | 31 | 75 | 48 | 39 | 87 | 46 | 49 | 95 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 26 | 3 | Lali Guransh Primary School | 13 | 15 | 28 | 10 | 10 | 20 | 7 | 10 | 17 | 4 | 10 | 14 | 13 | 10 | 23 | 14 | 18 | 32 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 27 | 6 | Laligurans Pra. Vi. Liwang Jimurkatera | 9 | 3 | 12 | 7 | 4 | 11 | 3 | 2 | 5 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 28 | 7 | Loktantrik Basic School | 9 | 10 | 19 | 5 | 8 | 13 | 6 | 7 | 13 | 5 | 5 | 10 | 7 | 7 | 14 | 4 | 9 | 13 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 29 | 1 | Mahendra Basic school | 14 | 12 | 26 | 9 | 18 | 27 | 29 | 29 | 58 | 13 | 31 | 44 | 34 | 29 | 63 | 31 | 23 | 54 | 28 | 19 | 47 | 20 | 14 | 34 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 30 | 4 | Mahendra Secondary School | 5 | 14 | 19 | 3 | 6 | 9 | 5 | 6 | 11 | 7 | 1 | 8 | 8 | 4 | 12 | 14 | 3 | 17 | 11 | 13 | 24 | 18 | 17 | 35 | 15 | 19 | 34 | 35 | 42 | 77 | 27 | 33 | 60 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 31 | 7 | Narikot Ebs | 39 | 56 | 95 | 11 | 11 | 22 | 3 | 15 | 18 | 3 | 4 | 7 | 3 | 4 | 7 | 5 | 5 | 10 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |

गौमुखी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पुँजा, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 32 | 4 | Ne.ra.pra.vi Jandagoun | 6 | 5 | 11 | 3 | 4 | 7 | 4 | 2 | 6 | 3 | 5 | 8 | 5 | 3 | 8 | 1 | 3 | 4 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 33 | 6 | Nepal National Basic School | 14 | 16 | 30 | 13 | 9 | 22 | 12 | 15 | 27 | 12 | 10 | 22 | 18 | 10 | 28 | 9 | 10 | 19 | 9 | 14 | 23 | 4 | 14 | 18 | 9 | 9 | 18 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 34 | 6 | Purna Pra V | 6 | 8 | 14 | 3 | 5 | 8 | 3 | 4 | 7 | 3 | 11 | 14 | 6 | 5 | 11 | 12 | 13 | 25 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 35 | 1 | Ratamata Pra V | 15 | 9 | 24 | 10 | 13 | 23 | 12 | 5 | 17 | 9 | 6 | 15 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 36 | 2 | Sayapatri Pra V | 4 | 9 | 13 | 18 | 6 | 24 | 6 | 8 | 14 | 4 | 3 | 7 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 37 | 1 | Shree Arkha secondary school Gaumukhi -1, Arkha | 17 | 31 | 48 | 10 | 26 | 36 | 9 | 8 | 17 | 7 | 11 | 18 | 34 | 45 | 79 | 18 | 10 | 28 | 41 | 53 | 94 | 48 | 27 | 75 | 92 | 47 | 139 | 27 | 37 | 64 | 39 | 27 | 66 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 38 | 2 | Shree Baishmula Primary School | 3 | 5 | 8 | 6 | 4 | 10 | 2 | 2 | 4 | 7 | 5 | 12 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 39 | 5 | Shree Baraha English Boarding School | 26 | 48 | 74 | 5 | 8 | 13 | 8 | 11 | 19 | 4 | 10 | 14 | 3 | 5 | 8 | 5 | 3 | 8 | 4 | 4 | 8 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 40 | 3 | Shree Janakalyan Primary School | 7 | 4 | 11 | 2 | 4 | 6 | 4 | 6 | 10 | 6 | 5 | 11 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 41 | 1 | Shree Janapriya Primary School | 11 | 1 | 12 | 6 | 4 | 10 | 4 | 5 | 9 | 5 | 4 | 9 | 6 | 4 | 10 | 9 | 5 | 14 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 42 | 3 | Shree Jeewan Sudhar Primary School | 11 | 10 | 21 | 19 | 16 | 35 | 17 | 12 | 29 | 15 | 15 | 30 | 12 | 15 | 27 | 18 | 19 | 37 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 43 | 3 | Shree Nepal National Basic School | 2 | 5 | 7 | 2 | 16 | 18 | 1 | 1 | 2 | 3 | 7 | 10 | 6 | 10 | 16 | 2 | 7 | 9 | 11 | 10 | 21 | 9 | 5 | 14 | 15 | 11 | 26 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 44 | 1 | Shree Saraswati Primary School | 12 | 7 | 19 | 6 | 4 | 10 | 3 | 4 | 7 | 3 | 3 | 6 | 5 | 4 | 9 | 6 | 5 | 11 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 45 | 4 | Sishu Kalyan Pra V | 5 | 7 | 12 | 5 | 6 | 11 | 7 | 2 | 9 | 4 | 1 | 5 | 4 | 3 | 7 | 5 | 5 | 10 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 46 | 5 | Sishu Pra V | 11 | 22 | 33 | 10 | 10 | 20 | 9 | 7 | 16 | 9 | 3 | 12 | 7 | 9 | 16 | 16 | 10 | 26 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 47 | 4 | Sishukalyan Pra V | 13 | 6 | 19 | 8 | 8 | 16 | 16 | 3 | 19 | 5 | 7 | 12 | 5 | 5 | 10 | 7 | 5 | 12 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 48 | 3 | Tikhachuli Pra V Jhalkibang | 14 | 5 | 19 | 9 | 4 | 13 | 5 | 6 | 11 | 5 | 4 | 9 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |

गौमुखी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पुँजा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

अनुसुची-२

दफा ३ को क सँग सम्बन्धित

दरबन्दी मिलान गर्दा बढी हुन आएका विभिन्न विद्यालयका दरबन्दीहरु

## प्राथमिक विद्यालय कक्षा १-५

| क्र .स. | विद्यालयको नाम | सञ्चालित हुने कक्षा | मौजुदा दरबन्दी | कायम हुने | थप हुने | घट हुने | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | श्री अर्खा मा.वि. अर्खा गौमुखी-१ अर्खा | 0-5 | ४ | ४ | ० | ० | |
| २ | श्री खरा मा.वि. रजबारा गौमुखी- ३ रजबारा | 0-5 | ५ | ३ | ० | २ | |
| ३ | श्री महेन्द्र मा.वि. गौमुखी -४ पुजा | 0-5 | ६ | ३ | ० | ३ | |
| ४ | श्री गौमुखी मा.वि. गौमुखी -५ खुङ | 0-5 | २ | २ | ० | ० | |
| ५ | श्री भृकुटी मा.वि. गौमुखी -६ लिवाङ | 0-5 | ७ | ५ | ० | २ | |
| ६ | श्री अमृत जिवन मा.वि. गौमुखी -७ नारीकोट | 0-5 | ४ | ३ | ० | १ | |
| ७ | श्री जनसहयोगी मा.वि. गौमुखी-५ खुङ | 0-5 | ५ | ३ | ० | २ | |
| ८ | श्री ने.रा. आ.वि. नेटा गौमुखी-३ रजबारा | 0-5 | ४ | ३ | ० | १ | |
| ९ | श्री ज्ञानोदय आ.वि. गौमुखी -३ रजबारा | 0-5 | ६ | ३ | ० | ३ | |
| १० | श्री जनज्योती आ.वि. गौमुखी -४ पुजा | 0-5 | ४ | ३ | ० | १ | |
| ११ | बाल जिवनसुधार आ.वि. गौमुखी-४ पुजा | 0-5 | ४ | ३ | ० | १ | |
| १२ | जनजिवन आ.वि. गौमुखी-४ वाग्लिवाङ | 0-5 | ३ | ३ | ० | ० | |
| १३ | श्री ने.रा. आ.वि. बुक्तीचौर गौमुखी -६ लिवाङ | 0-5 | ४ | ३ | ० | १ | |
| १४ | श्री बाल सुधार आ.वि. गौमुखी-७ नारीकोट | 0-5 | ४ | ३ | ० | १ | |
| १५ | श्री गौमुखी आ.वि. गौमुखी -२ अर्खा | 0-5 | ३ | ४ | १ | ० | |
| १६ | श्री महेन्द्र आ.वि गौमुखी-१ अर्खा | 0-5 | ४ | ४ | ० | ० | |
| १७ | श्री भुमेकाथान आ.वि. गौमुखी -७ नारीकोट | 0-5 | ४ | ३ | ० | १ | |
| १८ | श्री बाल सुधार प्रा.वि. गौमुखी-१ अर्खा | 0-5 | ३ | ३ | ० | ० | |
| १९ | श्री बेशीवन बालज्योती प्रा.वि. गौमुखी-१ अर्खा | 0-5 | १ | ४ | ३ | ० | |
| २० | श्री सरस्वती प्रा.वि.गौमुखी-१ अर्खा | 0-3 | ३ | २ | ० | १ | पहिले ०-५ सञ्चालित |
| २१ | श्री बसन्त प्रा.वि गौमुखी -१ अर्खा | ,1-2 | ० | ० | ० | ० | पहिले १-३सञ्चालित |
| २२ | श्री रातामाटा प्रा.वि.गौमुखी -१ अर्खा | 0-3 | ० | १ | १ | ० | |
| २३ | श्री बाइसमुल प्रा.वि.गौमुखी -२ अर्खा | 0-3 | ० | १ | १ | ० | |
| २४ | श्री  बाइचौर प्रा.वि.गौमुखी-२ अर्खा | 1 | ० | ० | ० | ० | |
| २५ | श्री सयपत्री प्रा.वि.गौमुखी -२ अर्खा | 0-3 | ० | १ | १ | ० | |
| २६ | श्री देउराली सुन्दर प्रा.वि.गौमुखी-३ रजबारा | 0-5 | ३ | ३ | ० | ० | |
| २७ | श्री जिवनसुधार प्रा.वि. गौमुखी -रजबारा | 0-5 | ३ | ४ | १ | ० | |
| २८ | श्री दिपेन्द्र प्रा.वि. गौमुखी -३ रजबारा | 0-5 | ३ | ३ | ० | ० | |
| २९ | श्री लालिगुरास प्रा.वि.गौमुखी-३ रजबारा | 0-5 | १ | २ | १ | ० | |
| ३० | श्री जनकल्याण प्रा.वि.गौमुखी-३ रजबारा | 0-3 | ० | ० | ० | ० | |
| ३१ | श्री तिखाचुली प्रा.वि. गौमुखी-३ रजबारा | 0-3 | ० | ० | ० | ० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३२ | श्री शिशुकल्याण प्रा.वि. गाडाँपानीचौर | 0-3 | १ | १ | ० | ० | पहिले ०-५ सञ्चालित |
| ३३ | श्री शिशुकल्याण प्रा.वि. गौडेचौर | 0-3 | ३ | २ | ० | १ | पहिले ०-५ सञ्चालित |
| ३४ | श्री बालज्योती प्रा.वि.गौमुखी-४ पुजा खलावाङ | 0-5 | २ | २ | ० | ० | |
| ३५ | श्री जनपृय प्रा.वि.गौमुखी -४ पुजा काफलबास | 0-3 | ३ | २ | ० | १ | पहिले ०-५ सञ्चालित |
| ३६ | श्री ने.रा. प्रा.वि. जाडाँगाउँ गौमुखी-४ पुजा | 0-5 | ३ | २ | ० | १ | |
| ३७ | श्री जनता प्रा.वि.गौमुखी-५ खुङ सुन्दरमेला | 0-3 | ३ | २ | ० | १ | पहिले ०-५ सञ्चालित |
| ३८ | श्री पूर्ण प्रा.वि.गौमुखी -५ खुङ शालिबिसौना | 0-5 | २ | २ | ० | ० | |
| ३९ | श्री शिशु प्रा.वि.गौमुखी -५ खुङ | 0-3 | २ | २ | ० | ० | पहिले ०-५ सञ्चालित |
| ४० | गृह प्रा.वि.गौमुखी-५ खुङ | 0-1 | ० | ० | ० | ० | पहिले ०-२सञ्चालित |
| ४१ | श्री भानु प्रा.वि.गौमुखी -५ खुङ | 0-5 | ३ | ३ | ० | ० | |
| ४२ | श्री बालकल्याण प्रा.वि. गौमुखी-६ लिवाङ | 0-3 | २ | १ | ० | १ | |
| ४३ | श्री जनचेतना प्रा.वि. गौमुखी -६ लिवाङ | 0-3 | १ | १ | ० | ० | |
| ४४ | श्री लालिगुँरास प्रा.वि. गौमुखी -६ लिवाङ | 0-2 | ० | ० | ० | ० | |
| ४५ | श्री लोकतान्त्रिक प्रा.वि. गौमुखी -७ नारीकोट | 0-5 | २ | २ | ० | ० | |
| ४६ | श्री दोसाँध प्रा.वि. गौमुखी -७ नारीकोट | 0-3 | ४ | २ | ० | २ | पहिले ०-५ सञ्चालित |
| | जम्मा | | १२१ | १०३ | ९ | २७ | |

## निम्नमाध्यमिक विद्यालय कक्षा ६-८

| क्र.स. | विद्यालयको नाम | सञ्चालित हुने कक्षा | मौजुदा दरबन्दी | कायम हुने | थप हुने | घट हुने | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | श्री अर्खा मा.वि. अर्खा गौमुखी-१ अर्खा | ,6-8 | ३ | ४ | १ | ० | |
| २ | श्री खरा मा.वि. रजबारा गौमुखी- ३ रजबारा | ,6-8 | २ | ४ | २ | ० | |
| ३ | श्री महेन्द्र मा.वि. गौमुखी -४ पुजा | ,6-8 | २ | ४ | २ | ० | |
| ४ | श्री गौमुखी मा.वि. गौमुखी -५ खुङ | ,6-8 | ३ | ४ | १ | ० | |
| ५ | श्री भृकुटी मा.वि. गौमुखी -६ लिवाङ | ,6-8 | ४ | ४ | ० | ० | |
| ६ | श्री अमृत जिवन मा.वि. गौमुखी -७ नारीकोट | ,6-8 | ३ | ४ | १ | ० | |
| ७ | श्री जनसहयोगी मा.वि. गौमुखी-५ खुङ | ,6-8 | १ | ४ | ३ | ० | |
| ८ | श्री ने.रा. आ.वि. नेटा गौमुखी-३ रजबारा | ,6-8 | १ | ४ | ३ | ० | १संघिय अनुदान |
| ९ | श्री ज्ञानोदय आ.वि. गौमुखी -३ रजबारा | ,6-8 | १ | ४ | ३ | ० | १संघिय अनुदान |
| १० | श्री जनज्योती आ.वि. गौमुखी -४ पुजा | ,6-8 | १ | ४ | ३ | ० | १संघिय अनुदान |
| ११ | बाल जिवनसुधार आ.वि. गौमुखी-४ पुजा | ,6-8 | १ | ४ | ३ | ० | १संघिय अनुदान |
| १२ | जनजिवन आ.वि. गौमुखी-४ वाग्लिवाङ | ,6-8 | १ | ४ | ३ | ० | १संघिय अनुदान |
| १३ | श्री ने.रा. आ.वि. बुक्तीचौर गौमुखी -६ लिवाङ | ,6-8 | १ | ४ | ३ | ० | १संघिय अनुदान |
| १४ | श्री बाल सुधार आ.वि. गौमुखी-७ नारीकोट | ,6-8 | १ | ४ | ३ | ० | १संघिय अनुदान |
| १५ | श्री गौमुखी आ.वि. गौमुखी -२ अर्खा | ,6-8 | १ | ४ | ३ | ० | १संघिय अनुदान |
| १६ | श्री महेन्द्र आ.वि गौमुखी-१ अर्खा | ,6-8 | ० | ३ | ३ | ० | |
| १७ | श्री भुमेकाथान आ.वि. गौमुखी -७ नारीकोट | ,6-8 | ० | ४ | ४ | ० | |
| | जम्मा | | २६ | ६७ | ४१ | ० | |

गौमुखी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पुजा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

## माध्यमिक विद्यालय कक्षा ९-१२

| क्र.स. | विद्यालयको नाम | सञ्चालित हुने कक्षा | मौजुदा दरबन्दी | कायम हुने | थप हुने | घट हुने | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | श्री अर्खा मा.वि. अर्खा गौमुखी-१ अर्खा | ,9-10 | ३ | ४ | १ | ० | २संघिय अनुदान |
| २ | श्री खरा मा.वि. रजबारा गौमुखी- ३ रजबारा | ,9-10 | ३ | ५ | २ | ० | २ संघिय अनुदान |
| ३ | श्री महेन्द्र मा.वि. गौमुखी -४ पुजा | ,9-10 | ३ | ५ | २ | ० | ३ संघिय अनुदान |
| ४ | श्री गौमुखी मा.वि. गौमुखी -५ खुङ | ,9-12 | ६ | ९ | ३ | ० | |
| ५ | श्री भृकुटी मा.वि. गौमुखी -६ लिवाङ | ,9-12 | ३ | ५ | २ | ० | २ संघिय अनुदान |
| ६ | श्री अमृत जिवन मा.वि. गौमुखी -७ नारीकोट | ,9-12 | ३ | ६ | ३ | ० | १ संघिय अनुदान |
| ७ | श्री जनसहयोगी मा.वि. गौमुखी-५ खुङ | ,9-10 | २ | ३ | १ | ० | २ संघिय अनुदान |
| | **जम्मा** | | २३ | ३७ | १४ | ० | |

अनुसूची-३

दफा ३ को खण्ड (क) सँग सम्बन्धित

शिक्षक र विद्यार्थी संख्या अनुपात

| क्र.स. | विद्यालयको नाम | मा.वि. दरवन्दी स्थायी | मा.वि. दरवन्दी करार | मा.वि. राहत | मा.वि. संघिय अनुदान | मा.वि. गा.पा अनुदान | नि.मा.वि. दरवन्दी स्थायी | नि.मा.वि. दरवन्दी करार | नि.मा.वि. राहत | नि.मा.वि. संघिय अनुदान | नि.मा.वि. गापा अनुदान | प्रा.वि. दरवन्दी स्थायी | प्रा.वि. दरवन्दी करार | प्रा.वि. राहत | प्रा.वि. गा.पा अनुदान | एकमुष्ट अनुदान | जम्मा शिक्षक संख्या | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री अर्खा मा.वि. अर्खा गौमुखी-१ अर्खा | ० | ० | १ | २ | ० | २ | ० | १ | ० | ३ | ४ | ० | ० | ० | ० | १३ | ६२३ |
| २ | श्री खरा मा.वि. रजबारा गौमुखी- ३ रजबारा | ० | ० | १ | २ | २ | १ | १ | ० | ० | ० | ४ | ० | १ | ० | ० | १२ | ४७५ |
| ३ | श्री महेन्द्र मा.वि. गौमुखी -४ पुजा | ० | ० | ० | ३ | ० | १ | १ | ० | ० | १ | ४ | | २ | ० | ० | १२ | २९६ |
| ४ | श्री गौमुखी मा.वि. गौमुखी -५ खुङ | ५ | २ | १ | ० | २ | ३ | | ० | | ० | १ | ० | १ | ० | ० | १५ | ६६४ |
| ५ | श्री भृकुटी मा.वि. गौमुखी -६ लिवाङ | १ | ० | ० | २ | १ | १ | ० | ३ | ० | ० | ४ | ० | ३ | ० | ० | १५ | ६३३ |
| ६ | श्री अमृत जिवन मा.वि. गौमुखी -७ नारीकोट | ० | ० | २ | १ | २ | २ | | १ | ० | ० | ४ | ० | ० | ० | ० | १२ | ४७२ |
| ७ | श्री जनसहयोगी मा.वि. गौमुखी-५ खुङ | ० | ० | ० | २ | १ | ० | ० | १ | ० | १ | ४ | ० | १ | ० | ० | १० | २२२ |
| ८ | श्री महेन्द्र आ.वि गौमुखी-१ अर्खा | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | २ | २ | ० | ६ | ३२७ |
| ९ | श्री गौमुखी आ.वि. गौमुखी -२ अर्खा | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | ३ | ० | ० | १ | ० | ६ | २५३ |
| १० | श्री ने.रा. आ.वि. नेटा गौमुखी-३ रजबारा | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | २ | ४ | | ० | ० | ० | ७ | ११६ |
| ११ | श्री ज्ञानोदय आ.वि. गौमुखी -३ रजबारा | ० | ० | ० | ० | | ० | ० | ० | १ | २ | ३ | ० | ३ | ० | ० | ९ | २९६ |
| १२ | श्री जनज्योती आ.वि. गौमुखी -४ पुजा | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | २ | ४ | ० | ० | ० | ० | ७ | १५५ |
| १३ | बाल जिवनसुधार आ.वि. गौमुखी-४ पुजा | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | २ | ३ | ० | १ | ० | ० | ६ | १६६ |
| १४ | जनजिवन आ.वि. गौमुखी-४ वाग्लिवाङ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | ३ | | ० | १ | ० | ६ | १६७ |
| १५ | श्री ने.रा. आ.वि. बुक्तीचौर गौमुखी -६ लिवा | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | २ | ३ | | १ | ० | ० | ७ | १७८ |
| १६ | श्री बाल सुधार आ.वि. गौमुखी-७ नारीकोट | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | २ | ३ | ० | १ | ० | ० | ७ | १५० |

गौमुखी गाउँपालिका गाउँपालिकाको कार्यालय पुजा, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १७ | श्री भुमेकाथान आ.वि. गौमुखी -७ नारीकोट | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ३ | ० | १ | ० | ० | ५ | १९४ |
| १८ | श्री बाल सुधार प्रा.वि. गौमुखी-१ अर्खा | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | १ | | ० | ३ | १०३ |
| १९ | श्री बेशीवन बालज्योती प्रा.वि. गौमुखी-१ अ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | | १ | ० | ० | ३ | ० | ४ | १७३ |
| २० | श्री सरस्वती प्रा.वि.गौमुखी-१ अर्खा | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | | ३ | ० | ० | ० | ० | ३ | ४३ |
| २१ | श्री बसन्त प्रा.वि गौमुखी -१ अर्खा | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | | ० | ० | ० | १ | ० | १ | २० |
| २२ | श्री रातामाटा प्रा.वि.गौमुखी -१ अर्खा | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | | ० | ० | ० | १ | ० | १ | ५५ |
| २३ | श्री बाइसमुल प्रा.वि.गौमुखी -२ अर्खा | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | | ० | ० | ० | २ | ० | २ | २६ |
| २४ | श्री बाइचौर प्रा.वि गौमुखी-२ अर्खा | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | | ० | ० | ० | १ | ० | १ | १५ |
| २५ | श्री सयपत्री प्रा.वि.गौमुखी -२ अर्खा | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | | ० | ० | ० | १ | ० | १ | ४५ |
| २६ | श्री देउराली सुन्दर प्रा.वि.गौमुखी-३ रजबारा | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | | २ | ० | १ | ० | ० | ३ | ९५ |
| २७ | श्री जिवनसुधार प्रा.वि. गौमुखी -रजबारा | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | | २ | | १ | १ | ० | ४ | १५[illegible] |
| २८ | श्री दिपेन्द्र प्रा.वि. गौमुखी -३ रजबारा | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | | ३ | ० | ० | ० | ० | ३ | [illegible] |
| २९ | श्री लालिगुरास प्रा.वि.गौमुखी-३ रजबारा | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | | ० | ० | १ | २ | ० | ३ | १०६ |
| ३० | श्री जनकल्याण प्रा.वि.गौमुखी-३ रजबारा | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | | ० | ० | ० | ० | २ | २ | २७ |
| ३१ | श्री तिखाचुली प्रा.वि. गौमुखी-३ रजबारा | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | | ० | ० | ० | ० | २ | २ | ३३ |
| ३२ | श्री शिशुकल्याण प्रा.वि. गाडाँपानीचौर | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | | ० | ० | १ | २ | ० | ३ | ६९ |
| ३३ | श्री शिशुकल्याण प्रा.वि. गौडेचौर | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | | १ | ० | २ | ० | ० | ३ | ४२ |
| ३४ | श्री बालज्योती प्रा.वि.गौमुखी-४ पुजा खला | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | | १ | ० | १ | १ | ० | ३ | ६० |
| ३५ | श्री जनपृय प्रा.वि.गौमुखी -४ पुजा काफलबा | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | | ३ | ० | ० | ० | ० | ३ | ५२ |
| ३६ | श्री ने.रा. प्रा.वि. जाडाँगाउँ गौमुखी-४ पुजा | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | | ३ | ० | ० | ० | ० | ३ | ३३ |
| ३७ | श्री जनता प्रा.वि.गौमुखी-५ खुङ सुन्दरमेला | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | | १ | ० | २ | ० | ० | ३ | ४७ |
| ३८ | श्री पूर्ण प्रा.वि.गौमुखी -५ खुङ शालिबिसौन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | | १ | ० | १ | १ | ० | ३ | ६५ |
| ३९ | श्री शिशु प्रा.वि.गौमुखी -५ खुङ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | | ० | ० | २ | १ | ० | ३ | ९० |

गौमुखी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय प्युठान लुम्बिनी प्रदेश, नेपाल

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४० | गृह प्रा.वि.गौमुखी-५ खुङ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | | ० | ० | ० | ० | ० | ० | ११ |
| ४१ | श्री भानु प्रा.वि.गौमुखी -५ खुङ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | | ३ | ० | ० | ० | ० | ३ | ६० |
| ४२ | श्री बालकल्याण प्रा.वि. गौमुखी-६ लिवाङ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | | २ | ० | ० | ० | ० | २ | २३ |
| ४३ | श्री जनचेतना प्रा.वि. गौमुखी -६ लिवाङ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | | ० | ० | १ | १ | ० | २ | ५२ |
| ४४ | श्री लालिगुँरास प्रा.वि. गौमुखी -६ लिवाङ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | | ० | ० | ० | ० | ० | ० | १६ |
| ४५ | श्री लोकतान्त्रिक प्रा.वि. गौमुखी -७ नारीकोट | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | | १ | ० | १ | १ | ० | ३ | ६४ |
| ४६ | श्री दोसाँध प्रा.वि. गौमुखी -७ नारीकोट | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | | ३ | ० | १ | ० | ० | ४ | ४० |
| | | ६ | २ | ५ | १२ | ८ | १० | २ | ६ | ८ | २० | ८८ | ० | ३३ | २३ | ४ | | |

गौमुखी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पुँजा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

तुल्सीराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत